"जलस्रोत, पर्यटन र जडिबुटीले सम्पन्नतविगु गाउँपालिका"

# विगु गाउँपालिका
# Bigu Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

लादुक, दोलखा
**Laduk, Dolakha**
बागमती प्रदेश, नेपाल ।
**Bagmati Province, Nepal**

पत्र संख्या/**Ref. No**:- २०८०/८१
चलानी नं./**Dispatch No**:-

मिति/**Date**:२०८०/१२/३०

## अमिलाजातका फलफूल बगैचाँमा औसाँ किरा नियन्त्रणका लागि प्रोटिन बेट छर्नुपर्ने सम्बन्धी सूचना !!!

(सूचना प्रकाशित मितिः २०८०/१२/३० गते)

यस विगु गाउँपालिकाका भित्रका विभिन्न वडाहरुमा अमिलाजातका फलफूल (सुन्तला, जुनार, भोगटे, निबुवा, ज्यामिर, बिमिरो, कागती आदि) बगैंचामा Chinese Citrus Fruitfly *Bactrocera minax* प्रजातिका औसाँ किराको प्रकोपले विगतका केही वर्षदेखि सुन्तलाजातका फलफूलहरुमा व्यापक क्षति पुऱ्याइरहेकोले बगैचाको नियमित अवलोकन गरी चिचिला लाग्ने समयमा किराहरुलाई आकर्षित गरि नियन्त्रण गर्न **प्रोटिन बेट स्प्रे** गर्नुपर्ने भएकोले सम्पूर्ण कृषकहरुलाई तपसिलका कागजातसहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र निवेदन दिई जानकारी गराउनुहुन अनुरोध छ । साथै **औसाकिरा नियन्त्रणका लागि आवश्यक प्रोटिन बेट** यस विगु गाउँपालिका कृषि शाखाबाट वितरण हुने कुरा अवगत गराउदछौँ । थप जानकारीको लागि विगु गाउँपालिकाको कृषि शाखा वा ९८४८७५८१२२ र ९८६१०५९५२५ मा सम्पर्क गर्न सकिनेछ ।

**तपसील :**

१. निवेदन (बिरुवाको सख्या खुल्ने गरी)
२. नागरिकताको प्रतिलिपि

२०८०/१२/३०
लक्ष्मीप्रसाद रिजाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

"जलस्रोत, पर्यटन र जडिबुटीले सम्पन्नतविगु गाउँपालिका"

# विगु गाउँपालिका
# Bigu Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

लादुक, दोलखा
**Laduk, Dolakha**
बागमती प्रदेश, नेपाल ।
**Bagmati Province, Nepal**

पत्र संख्या/**Ref. No**:- २०८०/८१
चलानी नं./**Dispatch No**:-

मिति/**Date**:२०८०/१२/३०



## अमिलाजात फलफूलमा लाग्ने औंसा किराको लागि प्रोटिन बेट छर्ने तरिका

- एक भाग विषादिमा २ भाग पानी मिसाउने,
- विषादिलाई स्प्रेयरमा भर्ने र राम्ररी घोल्ने,
- प्रत्येक फल्ने ३ बोटमध्ये १ बोटको निश्चित भागमा (पातको तल्लो सतहमा पात झुप्प भएको स्थानमा) प्रत्येक हप्ता, हप्ताको एकपटक गरी ७ देखि १० पटकसम्म स्प्रे गर्ने,
- बोटको ०.५-१ वर्ग मिटरको क्षेत्रफलमा छर्ने ।



## ध्यान दिनुपर्ने कुराहरु

- प्रयोग गर्ने बेलामा सुरक्षाको लागि मास्क, पन्जा र पोशाकको प्रयोग गर्ने,
- पानी परेको बेलामा नछर्ने,
- विषादि छर्नु लगत्तै पानी परेमा पुन: छर्ने,
- फलमा सिधै नछर्ने,
- विषादिको प्रयोग गरिरहेको अवस्थामा केही पनि खाने वा पिउने कार्य नगर्ने
- प्रयोगपछि स्प्रेयरको भाँडो सफा गरेर मात्र राख्ने,
- बच्चाहरु र गर्भवती महिलाको पहुँचबाट टाढा राख्ने,
- विषादिलाई आँखा वा छालाको सम्पर्कमा आउनबाट जोगाउने ।



Krishi sakha, Bigu Rural Municipality

२०८०/१२/३०
नि. प्रमुख प्रशासकीय अधिकृत